# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

**सल्लेरी, सोलुखुम्बु**

**प्रदेश नं. १ नेपाल**


प.सं. २०७५/७६
च.नं.

मिति : २०७५-१२-३०

**विषय : निर्णय सार्वजनिकीकरण गरिएको ।**

**मिति २०७५ चैत्र ३० गते बसेको कार्यापालिकाको बैठकबाट निम्न निर्णयहरु भएको व्यहोरा नगरबासीहरुको जानकारीको लागि सार्वजानिकीकरण गरिएको छ ।**

१) **प्रस्ताव :** नगरपालिकाको वडा नं. २ फेरामा गाउँ घर क्लिनिक संचालन शीर्षकमा विनियोजित बजेटबाट नेपाल मेड नेपाल गाउँ घर क्लिनिकको ग्यावीन वाल निर्माण गर्ने सम्बन्धमा ।

**निर्णय :** नगरपालिकाको वडा नं. २ फेरामा गाउँ घर क्लिनिक संचालन शीर्षकमा विनियोजित बजेटबाट नेपाल मेड नेपाल गाउँ घर क्लिनिकको ग्यावीन वाल निर्माण गर्ने ।

१) **प्रस्ताव :** प्रदेश सरकारबाट शसर्त वजेटको रुपमा प्राप्त जन्तरधाप - टाप्टीङ - सोल्नासा - गोराखानी - भित्ताखर्क - खोरिया सडक स्तरोन्नतिका लागि प्राप्त रु.१ करोड ५० लाख वजेटवाट सोही सडकलाइ ३ प्याकेज वनाइ कार्य गर्ने सम्बन्धमा ।

**निर्णय :** प्रदेश सरकारवाट शसर्त वजेटको रुपमा प्राप्त जन्तरधाप -टाप्टीङ -सोल्नास -गोराखानी -भित्ताखर्क -खोरिया सडक स्तरोन्नतिको लागि प्राप्त रु.१ करोड ५० लाख वजेटवाट सोही सडक खण्डलाइ निम्न वमाजिमको ३ प्याकेज वनाइ भएको सम्झौता लाइ समर्थन गर्ने ।

क) जन्तरधाप देखि खाम्दीङ सम्मको सडक स्तरोन्नतिको कार्य रु ५० लाख ।

ख) खाम्दीङ देखि सोल्नासा सम्मको सडक स्तरोन्नतिको कार्य रु ५० लाख ।

ग) सोल्नासा पुल देखि गोराखानी वडा कार्यालय सम्मको सडक स्तरोन्नतिको कार्य रु ५० लाख ।

२) **प्रस्ताव :** संघीय सरकार मार्फत शिक्षा तर्फ विद्यालयको २ कोठे भवन निर्माणका लागि प्राप्त बजेट रु. ४८ लाखबाट यस कार्यालयमा माग प्राप्त भएका विद्यालय / गुम्बा छनौट गर्ने सम्बन्धमा ।

**निर्णय :** संघिय सरकार मार्फत विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फ विद्यालयमा २ कोठे कक्षाकोठा सहित फर्निचर निर्माणका लागि प्राप्त वजेट रु. ४८ लाखबाट यस कार्यालयमा माग प्राप्त भएका तपशिलका विद्यालयहरु छनौट गरी कार्यान्वयन गर्ने ।

क) सेकारसि आ.वि. गार्मा - १६ लाख

ख) गार्मा मा.वि. गार्मा -१६ लाख

ग) टाक्गेन स्यतदुप थर्लिङ गुम्वा टाक्सिन्दु -१६ लाख


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np

# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོལ་རོང་དོ་མའི་མཚོའི་གྲོང་རྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

**सल्लेरी, सोलुखुम्बु**

**प्रदेश नं. १ नेपाल**

**प.सं. २०७५/७६**

**च.नं.**

३) **<u>प्रस्ताव</u>** : रिङमु - टाक्सिन्दु - नुन्थला सडक स्तरोन्नतिका लागि विनीयोजित वजेट रु. १ करोड २० लाख लाई सोही सडक खण्डमा ३ प्याकेज वनाइ सडक स्तरोन्नति गर्ने निर्णय समर्थन गर्ने सम्बन्धमा।

**निर्णय :** रिङमु -टाक्सिन्दु -नुन्थला सडक स्तरोन्नतिको लागि विनीयोजित वजेट रु. १ करोड २० लाख वजेटलाइ सोही सडकको निम्न खण्डमा ३ प्याकेज वनाइ सडक स्तरोन्नति गर्ने निर्णयलाइ समर्थन गर्ने।

क) फेरा देखि रिङमु सडक स्तरोन्नति खण्ड क रु.४० लाख

ख) फेरा देखि रिङमु सडक स्तरोन्नति खण्ड ख रु. ३४ लाख

ग) टाक्सिन्दु डाँडा देखि टैवुक सडक स्तरोन्नति कार्य रु ४० लाख

४) **<u>प्रस्ताव</u>** : सोलुदुधकुण्ड नगरपालिका वडा नं. ७ मेन्दोपाके गुम्बा मर्मतका लागि विनियोजित रु.७ लाख वजेट गुम्बा क्षेत्रको पहिरो रोकथाममा खर्च गर्ने सम्बन्धमा।

**निर्णय :** सोलुदुधकुण्ड नगरपालिका वडा नं. ७ मेन्दोपाके गुम्बा मर्मतका लागि विनियोजित रु.७ लाख वजेट गुम्बा क्षेत्रको पहिरो रोकथाममा खर्च गर्ने।

५) **<u>प्रस्ताव</u>** : स्वास्थ्य तर्फ सशर्त अनुदानमा प्राप्त बजेटबाट स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य चौकी भवन निर्माण तथा संचालन शिर्षकमा प्राप्त रु. २० लाख ५५ हजारको वजेट कार्यान्वयन सम्बन्धमा।

**निर्णय :** स्वास्थ्य तर्फ सशर्त अनुदानमा प्राप्त स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य चौकी भवन निर्माण तथा संचालन शीर्षकमा प्राप्त रु.२० लाख ५५ हजारको वजेटबाट वडा नं. ६ को खोरियाको पायक पर्ने स्थानमा स्वास्थ्य चौकी भवन निर्माण गर्ने।

६) **<u>प्रस्ताव</u>** : वधशाला निर्माणका लागि प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गर्ने सम्बन्धमा।

**निर्णय :** वडा नं. ६ मा रहेको बधशाला निर्माणका लागि प्रदेश सरकारबाट रु. ५० लाखको बजेट स्वीकृत भएकोमा उक्त योजना कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परिक्षण कार्य अगाडि बढाउने र नगरपालिकाले व्यहोर्नु पर्ने रकम समेत व्यवस्था गर्ने

७) **<u>प्रस्ताव:</u>** बेनी खोला बेली ब्रिज, तामाखानी बेली ब्रिज र सोल्नासा खोला बेली ब्रिज निर्माणका लागि तयार लागत अनुमानको आइटम १४ को ड्राइ स्टोन वाल रहेकोमा मेशिनरी वाल लगाउनु पर्ने अवस्था भएकोले लागत अनुमान संशोधन सम्बन्धमा।

**निर्णय :** गत आ.व.मा ठेक्का प्रकृयाबाट निर्माणाधिन वेनीखोला वेली ब्रिज, तामाखानी वेली ब्रिज र सोल्नासाखोला वेली ब्रिज निर्माणका लागि तयार लागत अनुमान अनुसार विल अफ क्वान्टीटीको आइटम नं. १४ मा ड्राइ स्टोन वाल सहितको लागत अनुमान रहेकोमा लागत अनुमान तयारीमा त्रुटीका कारण उक्त ड्राइवालको ठाउँमा मेशेनरी वाल लगाउनु पर्ने अवस्थाले लागत अनुमान संसोधन गर्नुपर्ने अवस्था आएकोमा नगर प्रमुखबाट काम अगाडि बढाउने निर्देशन भएकोमा सो कार्य सम्पन्न गर्दा पुलको

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np

लागत समेत वढेकोले हालको विनियोजित बजेटले अपुग हुने भएकोले अपुग बजेट अगामी आ.व.मा भुक्तानी गर्ने गरि व्यवस्थापन गर्न निर्देशन दिने ।

८) **प्रस्ताव :** कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा ।
**निर्णय :** प्रत्येक आर्थिक वर्षमा नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरु मध्येबाट साधारण तर्फ १ जना र प्राविधिक तर्फ १ जना गरि २ जना उत्कृष्ट कर्मचारी छनौट गरि पुरस्कृत गर्ने । पुरुस्कार स्वरुप जनही ११ हजार १ सय रुपैया र सम्मान पत्र प्रदान गर्ने

९) **प्रस्ताव :** नगर प्रहरीको दरबन्दी र सेवा सुविधा सम्बन्धमा ।
**निर्णय :** नगर प्रहरीहरुको हाल सम्मको भूमिका सकारात्मक भएकोले नगर प्रहरीको रिक्त २ दरवन्दीमा नगर प्रहरी पूर्ति गर्ने । नगर प्रहरीहरुको जीवन बीमा, पोशाक खर्च र राशन सहितको सुविधा आ.व. २०७६-०७७ बाट उपलब्ध गराउने ।

१०) **प्रस्ताव :** तिङला स्थित लौरेश्वर दलित युवा क्लबको कार्यक्रम परिवर्तन सम्बन्धमा ।
**निर्णय :** सोलुदुधकुण्ड नगरपालिका वडा नं. - ११ तिङला स्थित लौरेश्वर दलित युवा क्लबले आ.व. ०७५/०७६ मा क्लबको घर निर्माण गर्ने कार्यक्रम परेकोमा तत्काल गर्न नसकिने कारण जनाई क्रियाकलाप परिवर्तन गरी सो को सट्टामा वाँसपुरा टोलमा सडक ग्याविन वाल निर्माण गर्ने विषय अनुमोदन गर्ने ।

११) **प्रस्ताव :** वडा नं. ६ को कृषि कार्यालय जाने सडकमा हयुम पाईप खरिद गर्न विनियोजित बजेट रु. ७ लाख र सोही वडाको समपुरक कोष रु २ लाखको सट्टा दोर्पु नयाँ बजारमा तार भूमिगत गर्ने कार्यका लागि परिवर्तन गर्ने सम्बन्धमा ।
**निर्णय :** वडा नं. ६ को कृषि कार्यालय जाने सडकमा हयुम पाईप खरिद गर्न विनियोजित बजेट रु. ७ लाख र सोही वडाको समपुरक कोष रु २ लाखको सट्टा दोर्पु नयाँ बजारमा तार भूमिगत गर्ने कार्यका लागि परिवर्तन गरि हाललाई सम्झौता प्रकृया अगाडि बढाउने र अपुग बजेट आगामी नगरसभाबाट इस्टिमेट अनुसार विनियोजन गरि भुक्तानी गर्ने । फाप्लु देखि दोर्पुसम्मको तार व्यवस्थापन गर्न नेपाल टेलिकमलाई निश्चित समय दिने । सो समयमा नभएमा नगरपालिकाले हटाउने ।

१२) **प्रस्ताव :** आर्थिक वर्ष २०७४-०७५ को सामाजिक परिक्षण प्रतिवेदन (Social Audit Report) पेश गर्ने सम्बन्धमा ।
**निर्णय :** आर्थिक वर्ष २०७४-०७५ को सामाजिक परिक्षण प्रतिवेदन (Social Audit Report) पेश गर्ने मिति २०७६ बैशाखको दोस्रो हप्ता भित्र कार्यक्रम व्यवस्थापन गर्न निर्देशन दिने ।

१३) **प्रस्ताव:** कार्यलयको सुरक्षाको लागि पाले पहरा खटाउने सम्बन्धमा ।
**निर्णय :** केही समय यता सुरक्षा चुनौती बढ्दै गएको र सरकारी सम्पत्तिको संरक्षण गर्नु जरुरी भएकोले नगरपालिकाको कार्यालय परिसर एवं सर - सामानको २४ सै घण्टा सुरक्षा गर्नको लागि पाले पहरामा रहने गरि २ जना जनशक्ति व्यवस्था गरि खटाउन निर्देशन दिने ।

१४) **प्रस्ताव :** नगरपालिकामा थप जनशक्तिको व्यवस्थापन गर्ने सम्बन्धमा ।
**निर्णय :** नगरपालिकामा प्रभावकारी सेवा प्रवाहको लागि हेल्प डेस्क संचालन गर्ने तथा यसका लागि नियमित रुपमा खटिने जनशक्ति १ जना, आगलागी लगायतका आकास्मिक कार्यमा दमकल संचालनमा चालकसंग रहि सहयोग गर्न Dedicated Fireman १ जना, नगरपालिकालाई एम्बुलेन्स प्राप्त भएकोमा सोको नियमित संचालनका लागि ड्राइभर १ जना र रोलरको नियमित संचालनका लागि ड्राइभर १ जना लगायतका जनशक्ति नियुक्ती एवं व्यवस्थापन गर्न निर्देशन दिने ।

१५) **प्रस्ताव :** ४ वटा पुलहरुको DPR सम्बन्धमा ।

क) **निर्णय :** सोलदुधकुण्ड नगरपालिका वडा नं. २ स्थित इदीङ खोला र सालाबेशी खोलामा निर्माण हुने बेलीब्रिजको DPR तयार गर्न रू. १९,०५४३७.७३ लागत अनुमान पेश हुन आएको तर विभिन्न पुलहरुको DPR तयार गर्नका लागि रु. १० लाख मात्र बजेट व्यवस्था भएकोले नपुग रकम रु. ९,०५४३७.७३ ईदिङ खोलाको बेलीब्रिज निमार्णका लागि विनियोजित बजेटबाट कट्टा गरि कार्य गर्ने गरि सम्झौता भएकोमा सोलाई समर्थन गर्ने ।

ख) **निर्णय :** सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५ स्थित सोलुखोला र वडा नं. ८ को चट्याङ खोलामा बन्ने बेलिब्रिजको DPR तयार गर्न रु. १९,९१२०६.५१ को लागत अनुमान पेश हुन आएकोले सोलुखोला रोशी पुलको बाँकी स्ट्रक्चर निर्माण कार्यको लागि विनियोजित वजेट रु. ३० लाख र चट्याङखोला बेलीबृज निर्माणका लागि विनियोजित बजेट रु. ५० लाखबाट बराबर कट्टा गरि रु. १९,९१२०६.५१ बराबरको सम्झौता भएकोमा सोलाई समर्थन गर्ने ।

ग) यस पश्चात हेवा खोला र डेकु खहरे खोलाको DPR प्रक्रिया अगाडि बढाउने ।

१६) **प्रस्ताव:** उपभोक्ता समितिलाई पुरस्कृत गर्ने सम्बन्धमा ।

**निर्णय :** प्रत्येक आर्थिक वर्षमा नगरपालिका अन्तर्गत विकास निर्माणमा संलग्न भई निर्धारित समयमा गुणस्तरीय किसिमले कार्य सम्पन्न गर्ने उपभोक्ता समितिहरु मध्येबाट एउटालाई प्रभावकारी उपभोक्ता समिति ( Efficient Consumer Committee) को रुपमा छनौट गरि पुरस्कृत गर्ने । पुरुस्कार स्वरुप रु. ५ हजार १ सय नगद र सम्मान पत्र प्रदान गर्ने ।

१७) **प्रस्ताव:** आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय :** मिति २०७५ साल फाल्गुन ६ गतेका दिन गार्मा मा.वि. गार्मामा विद्यालय भवन निर्माण गर्ने सिलसिलामा सोलुदुधकुण्ड नगरपालिका वडा नं ४ सुर्के बस्ने बर्ष ३७ को धन बहादुर नेवारको मिक्सचर मेशिन पल्टेर निधन भएकोमा निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको भनि नेवार सेवा समाजबाट आर्थिक सहयोग माग भएको हुँदा रु १५०,०००।०० र वडा नं. १ टाक्सिन्दुका सगुजित राईको घरमा सडक निर्माणको क्रममा क्षति पुगेकोले घर निर्माणका लागि रु. १५०,०००.०० सहयोग गर्ने । सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५ का फोहोरमैला संकलन कर्ता ढुप बहादुर तामाङ ( मुटु रोगी) लाई रु. १००,०००।०० आर्थिक सहयोग गर्ने ।

१८) **प्रस्ताव :** जन्तरधाप - टाप्टिङ- सोल्नासा बाटो मर्मत सम्बन्धमा ।

**निर्णय :** वर्खायाममा जन्तरधाप - टाप्टिङ- सोल्नासामा जे.सि.बि. प्रगोय गरि बाटो मर्मत गरेको कामको लागि रू.८,४०,०००।०० भुक्तानी गर्ने ।

१९) **प्रस्ताव :** नक्शा पास पुस्तकको शुल्क समर्थन गर्ने सम्बन्धमा ।

**निर्णय :** नगरपालिकाबाट प्रयोगमा ल्याइएको नयाँ नक्शा पास पुस्तकको शुल्क रु. १००० समर्थन गर्ने ।

# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྐྱོ་ཁྱབ་ལྷན་ཁང་།

**सल्लेरी, सोलुखुम्बु**

**प्रदेश नं. १ नेपाल**


**प.सं. २०७५/७६**

**च.नं.**

२०) **<u>प्रस्ताव</u>**: ट्याक्टरको आवतजावतमा रोक लगाउने सम्बन्धमा ।

**निर्णय** : सोलुदुधकुण्ड नगरपालिका भित्रको सडकहरुमा मिति २०७६ बैशाख २० गतेबाट अर्को सूचना नभए सम्मको लागि ट्याक्टरको आवतजावतमा रोक लगाउने ।

.................................

**शारदा माया तामाङ**

**प्रवक्ता** प्रवक्ता